**प्रस्ताव नं. १ : आ.ब. २०७८/०७९ को** निति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णयः पहिलो सत्रमा महागढीमाई नगरपालिकाका नगर प्रमुख श्री उपेन्द्र प्रसाद यादव द्धवारा प्रस्तुत नीति तथा कार्यक्रमलाई पारित गरियो ।

**आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम**

नेपालको संबिधान २०७२ को व्यवस्था बमोजिम तीन तहका सरकारहरु मध्ये सबैभन्दा समिपमा रहेर जनताको सेवा गर्ने स्थानिय सरकारको रुपमा रहेको यस महागढीमाई नगरपालिकाको गौरवमय पाँचौ नगर सभामा नीति तथा कार्यक्रम पेश गर्न उपस्थित भएको छु ।

यस गौरवपूर्ण अवसरमा नेपाली जनताले चाहेजस्तो शासन व्यवस्था ल्याउनका लागि विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

कोभिड १९ को महामारीबाट ज्यान गुमाउनु भएका सबै नागरिकहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। साथै कोभिड१९को संक्रमण बाट होम आईसोलेशन र अस्पतालमा उपचाररत् रहनुभएका नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

महागढीमाई नगरपालिकाको यो ऐतिहासिक नगरसभामा सहभागी कार्यपालिका र नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रतिनिधिहरु, समाजसेवी, बुद्धिजीवी, कर्मचारी मित्रहरु, पत्रकार बन्धु, सुरक्षाकर्मी, ज्येष्ठ नागरिक र सहभागी सबैलाई उपस्थितिका लागि धन्यवाद दिन चाहन्छु।

महागढीमाई नगरपालिकामा शान्ति, सुशासन र सुव्यवस्था कायम गरी विकास र समृद्धिको जनआकांक्षा पुरा गर्ने गुरुत्तर कार्यभार सुम्पिनुहुने सम्पूर्ण नगरवासी, बुवाआमा, दाजुभाई, दिदीबहिनी, समस्त शुभेच्छुक र सरोकारवालाहरुप्रति आभार व्यक्त गर्दछु ।
यस अवसरमा हामीले गरेका आशा अठोट र परिकल्पनाहरु पुरा होउन् भनी शक्तिकी देवी माता गढीमाईसंग प्रार्थना गर्दछु ।

**उपस्थित सभासदस्य ज्यूहरु,**

यस महागढीमाई नगरपालिकालाई विकसित एवं सम्वृद्ध बनाउन देहाय बमोजिमको सोच लिएको छु ।

**परिकल्पना:** वातावरणमैत्री, हरित तथा धार्मिक पर्यटकीय नयाँ शहर

**वृहत् लक्ष्य:** दिगो, जनतामुखी र वातावरणमैत्री विकासद्वारा सम्पूर्ण नगरवासीको गुणस्तरीय जीवनयापन सुनिश्चित गर्ने,

**रणनितिहरु:**

- भौतिक पूर्वाधार विकास
- शिक्षा, स्वास्थ्य, खानेपानी र नागरिक सशक्तीकरण लगायत मानव विकास
- सन्तुलित एवम् हरित नगर विकास
- नागरिकको सहज, पहुँचयोग्य र सुशासनयुक्त सेवा प्रवाह,
- समतामूलक विकासका लागि लक्षित वर्गमुखी विकास कार्यक्रमहरु संचालन

लगायतका रणनीतिहरु लिएर हामी अघि बढ्नेछौं ।

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख आधारहरु:**

आर्थिक बर्ष २०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा नगरका जनताहरुको इच्छा र चाहना, नगरको दिर्घकालिन सोच र लक्ष्यहरु, यो सरकारले विगतमा हासिल गरेका उपलब्धिहरु, नेपाल सरकारको पन्ध्रौं योजना, दिगो विकासका लक्ष्यहरु तथा नेपाल सरकार र प्रदेश नं. २ सरकारको नीति कार्यक्रमहरु लाई आधार लिईएको छ । त्यस्तै कोभिड १९ को लहरबाट आईपरेको प्रतिकूलताबीच जनजीवन सहज बनाउने विषयलाई पनि आधार लिईएको छ ।

**उपस्थित सभासदस्य ज्यूहरु**

यो सरकार नगरवासीहरुको सेवामा पूर्ण समर्पित छ। जनताको भलाई र कल्याण नै हाम्रो ध्येय हो। विद्यमान सरकारको यो पाँचौ नगर सभा हो। समस्त नगरवासीहरुको सहयोग र माता गढीमाईको आशिर्वादले विगत ४ वर्षमा हामी यो नगरको प्रगति र उन्नतिको दिशामा ठूलो फड्को मार्न सफल भएका छौं। तर, गर्नुपर्ने कामहरु अझ धेरै बांकी छन्। हालसम्म हासिल भएका उपलब्धिहरुको जगमा टेकेर यस नगरपालिकालाई धार्मीक पर्यटन र वातावरणको दृष्टीकोणबाट एउटा नमुना नयाँ शहरको

रुपमा विकास गर्ने मुख्य उदेश्य सहित यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । नगरको तत्कालिक आवश्यकताहरुलाइ सम्बोधन गर्दै दिर्घकालिन लक्ष्य प्राप्ति तर्फ अगाडी बढ्ने योजकको रुपमा यो नीति तथा कार्यक्रमले भुमिका निर्वाह गर्नेछ । यस्तो संयोजन मिलाउने मुख्य उद्देश्य सहित देहाय बमोजिमका सहयोगी उद्देश्यहरु लिइएको छ।

- आगामी पाँच बर्ष भित्रमा दुई नम्बर प्रदेशकै उत्कृष्ट ,धार्मिक ,पर्यटकीय र वातावरणका दृष्टिले नमुना नयाँ शहर निर्माण गर्ने आधार तयार पार्ने
- कोभिड १९ का तात्कालिक असरहरुको निराकरण गर्दै भविष्यमा यस किसिमको महामारी बाट बच्न स्वास्थ्य लगायतका पूर्वाधारहरु तयार पार्ने,
- कोभिड १९ बाट विद्यार्थीहरुको पठनपाठनमा पर्न गएको अवरोधलाई हटाई सुचारु गराउने,
- नगरपालिका बाट प्रदान गरिने सेवालाइ सर्व सुलभ बनाई सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने,
- समृद्ध नगरपालिका बनाउन आवश्यक पर्ने संरचना एवं पूर्वाधारहरु निर्माण गर्ने,
- सामाजिक न्याय सहितको सामतामुलक समाज निर्माण गर्न महिला, दलित , विपन्न ,पिछडावर्ग लगायतका लक्षित वर्गहरुलाई विषेश सहुलियत र सुविधा प्रदान गर्ने,

यी उद्देश्यहरु हासिल गर्नका लागि देहाय बमोजिमका प्राथमिकताहरु निर्धारण गरेका छौं ।

- महामारीसँग जुध्न घर घर सम्म स्वास्थ्य सेवाको विस्तार, स्वास्थ्य संस्थाहरुको स्तरोन्नति तथा सुदृढीकरण,
- शिक्षण सिकाई व्यवस्थापनका लागि वैकल्पीक उपाय तथा प्रविधिहरुको अवलम्बन,
- नगरपालिका समग्र तथा गढीमाई मन्दिर क्षेत्रको एकिकृत विकासको खाका निर्माण,
- टोल टोल सम्म सडक संजाल विस्तार
- पुराना, भत्किएका र जीर्ण सडकहरुको मर्मत संभार,

- नेपाल सरकारको यस नगर क्षेत्रलाई नयाँ शहरको रुपमा विकास गर्ने कार्यक्रमसंग तादाम्य हुने गरी भौतिक पुर्वाधारहरुको निर्माण,
- मानव संसाधनको विकास र रोजगारी तथा स्वरोजगारीका अवसरहरुको सृजना,
- नगरबाट प्रदान गरिने सेवाहरुको पुर्ण रुपमा डिजिटलाईजेशन,
- कृषि क्षेत्रमा युवाहरुको परिचालन गर्दै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि,
- अनुशासित, सदाचारयुक्त र सक्षम कर्मचारी मार्फत् सेवा प्रवाह,

**उपस्थित सभासदस्य ज्यूहरु,**

अब म यो सरकारको आ.व. २०७८/०७९ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**१. स्वास्थ्य**

कोभिड १९ को नयाँ नयाँ भेरियन्टहरुबाट जनस्वास्थ्यमा पर्न सक्ने संक्रमण जोखिमको रोकथाम, नियन्त्रण र उपचार समेतका लागि २५ बेडको आईसोलेशन सेन्टर स्थापना गरिएको छ। निशुल्क रुपमा पिसिआर र एन्टीजेन टेष्ट हुने व्यवस्था मिलाइएको छ । यी व्यवस्थाहरुलाई निरन्तरता दिनुका साथै सम्बन्धित निकायहरु संग समन्वय गरी कोभिड १९ विरुद्धको खोप सेवा उपलब्ध गराईने छ ।

कोभिड१९ बाट अभिभावक गुमाएका वालवालिकाहरुलाई पठन पाठन सामग्री सहयोगको रुपमा जनही रु. २ हजार वार्षिक छात्रवृत्ति प्रदान गरिनेछ।

नगरवासीको स्वास्थ्यलाई ध्यानमा राखी यस नगरपालिकाको वडा नं. २ बरियारपुरमा १५ शैयाको अस्पताल निर्माणको लागि डिपिआर भईसकेको छ र अगामी आर्थिक बर्षमा निर्माण कार्य शुरु हुनेछ । साथै, प्राथमिक स्वास्थ्य केन्द्र गंजभवानीपुरबाट प्रदान गरिदै आएको सेवामा थप सेवाहरु विस्तार गरी स्वास्थ्य सेवा सुदृढ गरिने छ र सोको लागि चाहिने भौतिक पुर्वाधार, औजार उपकरण तथा जनशक्तिको व्यवस्थापन गरिने छ। नगर अस्पतालवाट विशेषज्ञ सेवा संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविरहरु संचालन गरी आम नागरिकको स्वास्थ्य सेवामा सहज पहुँच तथा सेवा उपभोगमा थप टेवा पुर्‍याउने व्यवस्था मिलाइनेछ ।

क्यान्सर, कलेजोले काम नगर्ने, मृगौलाले काम नगर्ने तथा मुटुमा गम्भीर प्रकारको समस्या भएका व्यक्तिहरुलाई दिँदै आइरहेको आर्थिक सहयोगलाई निरन्तरता दिईनेछ।

प्राथमिक स्वास्थ्य केन्द्र., स्वास्थ्य चौकी तथा स्वास्थ्य ईकाईबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि औषधि, उपकरण तथा स्वास्थ्य सामाग्रीको आवश्यक व्यवस्था गरी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरु उपभोग गर्न प्रोत्साहित गरिनेछ। कोभिड १९ लगायत जनस्वास्थ्य संग सम्बन्धित समस्याहरुमा केन्द्रीत रही व्यापक रुपमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

खोप, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, पोषण जस्ता आधारभुत सेवालाई प्रभावकारी बनाउन स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धिको लागि थप कार्यक्रमहरु संचालन गरिनेछ ।

कोभिड १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामग्री (पिपिई, मास्क, सेनिटाईजर, पंजा)हरुको अभाव नहुने व्यवस्था मिलाइनेछ।

नगरक्षेत्रमा कुपोषणलाई निराकरण गरी नागरिकलाई स्वस्थ्य र बलियो बनाउन बहुक्षेत्रीय पोषण कार्यकमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

नगर भित्रका गर्भवती आमालाई नियमित स्वास्थ्य परीक्षणका लागि स्थानीय स्तरमै विशेषज्ञ डाक्टर बोलाइ सेवा प्रदान गर्ने र गर्भवती आमालाई थप सुविधा सम्पन्न अस्पताल लैजानु पर्ने भएमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।
नेपाल सरकारबाट प्रदान गरिने निःशुल्क स्वास्थ्य सेवा र औषधि वितरणलाई प्रभावकारी बनाइनेछ।

मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न हाल संचालनमा रहेका वर्थिङ्ग सेन्टरबाट चौबीसै घन्टा सेवा प्रदान गरिनेछ। बर्थिङ सेन्टर नभएका अन्य वडाहरुमा वर्थिङ्ग सेन्टर संचालनका लागि आवश्यक

बन्दोबस्त गरिनेछ । वर्थिंङ्ग सेन्टरको सेवालाई अझै प्रभावकारी बनाउन सेवा लिन आउने आमालाई नगरपालिकाको तर्फबाट पोषणयुक्त खाजाको व्यवस्था गरिनेछ। वर्थिङ सेन्टरमा खटिने कर्मचारीलाई प्रति सुत्केरी वापत् प्रोत्साहन भत्ता दिईनेछ।

स्वास्थ्य सेवाको गुणस्तर नियमनका लागि नियमित अनुगमन गरिनेछ ।

डेंगु, टाईफाइड लगायतका महामारीबाट बच्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

महिला स्वयंसेविकाहरुको मनोबल उच्च राख्न हाल नगरपालिकाबाट दिइँदै आएको मासिक भत्तामा रु. १ हजार थप गरिनेछ। नेपाल सरकारले थप गरेको रकम सहित अब स्वास्थ्य स्वयम् सेविकाहरुले प्रतिमहिना रु. ३ हजार भत्ता प्राप्त गर्न सक्नेछन्।

कोभिड १९ महामारीका कारण २०७६ चैत्र ११ गते शुरु भएको पहिलो बन्दाबन्दी देखि नै जनताको नगरपालिकाको एम्बुलेन्स सेवा निशुल्क गरिएको छ र यो व्यवस्था महामारी रहेसम्म निरन्तरता दिईनेछ। आवश्यकता देखिएमा आकस्मिक स्वास्थ्य सेवा/उपकरण सहितको एम्बुलेन्स खरिद गरिनेछ।

आधारभूत स्वास्थ्य चौकी

निशुल्क प्रयोगशाला सेवा तथा निशुल्क स्वास्थ्य उपचार

### २. शिक्षा

कोभिड १९ महामारीका कारण विद्यालयमा भौतिक उपस्थित भई पठन पाठन संचालन गर्न सकिने अवस्था छैन। विद्यार्थी भाइबहिनीहरुलाई पढाइ प्रति अग्रसर बनाई शिक्षण सिकाई कार्यलाई निरन्तरता दिन देहाय अनुसारका विधिहरु प्रयोग गरी पठन पाठन सुचारु गर्ने नीति लिइएको छ।

- रेडियोमा पहुँच भएका विद्यार्थीहरुका लागि एफ एम वा रेडियो कक्षा संचालन गर्ने,
- इन्टरनेटमा पहुच भएका बिद्यार्थीहरुका लागि अन लाईन कक्षा संचालन गर्ने

- कक्षा ८ देखी कक्षा १२ सम्मका विद्यार्थीहरुका नेपाल टेलिकमसंगको समन्वयमा क्लोजर युजर ग्रुप बनाई कक्षा संचालन गर्ने,
- कुनै पनि प्रविधिमा पहुँच नभएका विद्यार्थीहरुका लागि टोल टोलमा कोचिङ्ग कक्षाको व्यवस्था गर्ने,

नेपाल सरकारबाट विद्यालय सुचारु गर्ने निर्णय भएको अवस्थामा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी पठन पाठनलाई नियमित गरिनेछ। यसका लागि आवश्यक पर्ने पुर्वाधारहरु जस्तै हात धुने स्थान, सुविधा सहितको शौचालय र आवश्यक सरसफाईको प्रबन्ध नगरपालिकाबाट मिलाईनेछ।

विधालयको पठनपाठन लाई थप प्रभावकारी बनाउन विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गरिनेछ। यस प्रबन्धबाट पनि शिक्षकहरुको संख्या अपुग हुने विद्यालयहरुमा नगरपालिकाबाट शिक्षक पूर्ति गर्ने गरिनेछ।

निरक्षरहरुको तथ्यांक संकलन गरिनेछ। उनीहरुको लागि अनौपचारिक कक्षा संचालन गरी नगरपालिकालाई पूर्ण साक्षर घोषणा गरिनेछ ।

यस नगरपालिकाले २०७४ साल देखि "बेटी बचाउ बेटी पढाउ" अभियान संचालन गरी कक्षा ९ का छात्राहरुलाई साईकल वितरण गर्दै आईरहेको छ र सो कार्यक्रमलाई निरन्तरता दिइनेछ।

भवन निर्माण अधुरो रहेको विद्यालयहरुमा आवश्यक रकम बिनियोजन गरी निर्माण कार्य सम्पन्न गरिनेछ। विद्यालयहरुमा आवश्यक फर्निचरको पूर्ण बन्दोबस्त गरिनेछ।

छात्राहरुको लागि बर्षैभरि निशुल्क रुपमा सेनेटरी प्याड वितरण गरिनेछ। प्रत्येक माध्यमिक र निम्न माध्यमिक विद्यालयहरुमा अटोमेटिक प्याड मेशीन जडान गरिनेछ। विद्यालयहरुमा "सेनिटरी प्याड डिस्पोजल मेशिन" जडान गरी प्रयोगमा आईसकेका सेनेटरी प्याडको उचित व्यवस्थापनको गरिनेछ।
यस नगरपालिका भरिका विद्यालय भवनहरु एउटै रङ्गमा रङ्गरोगन गराईनेछ।

महागढीमाई नगरपालिका अन्तर्गत स्थापना भएको एक मात्र श्री गढीमाई बहुमुखी क्याम्पस बरियारपुरको लागि जग्गाको व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ। क्याम्पस भवन निर्माण गर्न आवश्यक रकम विनियोजन गरिनेछ। व्यवस्थापन संकाय थप गर्न आवश्यक पहल गरिनेछ। क्याम्पस संचालनका लागि वार्षिक रु. २५ लाख अनुदान प्रदान गरिनेछ।

यस नगरपालिका अन्तर्गतका बिद्यालयहरुमा प्रारम्भिक वालविकास कक्षामा आधुनिक उपकरण प्रविधि प्रयोग गरी सिकाई प्रक्रियालाई थप प्रभावकारी बनाईने छ ।

यस नगर क्षेत्रभित्रका सामुदायिक वा संस्थागत विद्यालयहरुले प्राविधिक शिक्षा संग सम्बन्धित कार्यक्रमहरु संचालन गरेमा नगरपालिकाबाट आर्थिक सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

यस नगरपालिकामा आवद्ध भएका सम्पुर्ण नीजि तथा संस्थागत विद्यालयहरुबाट अनिवार्य रुपमा IEMIS प्रविष्टी गराईनेछ।

यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत बालबिकास सहजकर्ता, लेखापाल र विद्यालय सहयोगी समेतलाई नेपाल सरकारबाट दिने तलब अनुदान रकममा नगरपालिकाबाट रकम थप गरी मासिक रु. १५ हजार पुर्याईने छ ।

नगरक्षेत्रमा क्रमशः सबै सामुदायिक विद्यालयहरुमा बालविकास कक्षा संचालन गर्ने नीति लिइएको छ। आगामी आर्थिक वर्षमा थप ४ वटा विद्यालयहरुमा बाल विकास कक्षा संचालन गरिनेछ। यसका लागि आवश्यक बाल विकास सहजकर्ताहरुको पद सृजना गरी भर्ना गरिनेछ।

नगरक्षेत्रका प्रा.वि., नि.मा.वि.र मा.वि.हरुमा अध्ययनरत् अल्पसंख्यक, दलित, अपांग र जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरी पढाइमा उत्प्रेरित गर्ने नीति लिइएको छ।

नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत् प्रधानाध्यापक र शिक्षकहरुको लागि आवश्यकता अनुसारका क्षमता विकास कार्यक्रमहरु संचालन गरिने छन् ।

श्री जनता माध्यमिक विद्यालय कबही जब्दी र श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बबुआईनमा हाल सम्म कक्षा १० सम्म पठन पाठन भईरहेकोमा कक्षा ११ र कक्षा १२ थप गरी संचालन गरिनेछ। आधारभूत विद्यालय बगडमपुरलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गरिनेछ।

श्री गढीमाई महेन्द्र माध्यमिक विद्यालय बरियारपुरमा प्राविधिक धार अन्तर्गत ईलेक्ट्रिक ईन्जिनियरिङको पठनपाठन भईरहेको छ । अन्य माध्यमिक विद्यालयहरुमा पनि कम्प्युटर, भेटेनरी, कृषि, सिभिल ईन्जिनियर जस्ता प्राविधिक विषयहरुको अध्यापन गराउन आवश्यक पहल गरिनेछ।

नगरक्षेत्रका युवा र विद्यार्थीहरुको सरकारी सेवाप्रति आकर्षण बढाई सेवा प्रवेश सुनिश्चित गर्न लोक सेवा आयोग र शिक्षा सेवा आयोगको पूर्व तयारी कक्षाहरु संचालन गरिनेछ।

सामुदायिक विद्यालयहरुले हकभोग गर्दै आएका सार्वजनिक सम्पत्तिको संरक्षण एवम् प्रभावकारी परिचालन गरी विद्यालयहरुको आन्तरिक श्रोत वृद्धि गर्ने नीति लिईएको छ।

विद्यालयहरुको रिक्त दरबन्दीमा महागढीमाई नगरपालिका शिक्षा ऐन, २०७४(संसोधन २०७७) अनुसार पदपुर्ति गरिनेछ।

विद्यालयहरुलाई प्रतिस्पर्धा र कार्य सम्पादनको आधारमा थप अनुदान दिने व्यवस्था मिलाईने छ ।

दिवा खाजा कार्यक्रमलाई सुधार गर्दै प्रभावकारी बनाईने छ ।

विद्यालय हाताको २०० मिटर भित्र जंक फुड ,मदिरा र सूर्तिजन्य वस्तुको बिक्री वितरणमा रोक लगाइने छ ।

नगर भरिका सामुदायिक विद्यालयहरुमा एकै किसिमका विद्यालय पोशाकको व्यवस्था गरी लागु गरिनेछ।

यस नगरका जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरुका छोरा छोरीहरुलाई सामुदायिक विद्यालयमा भर्ना गरी पठन पाठन गराउनुपर्ने कानुन बनाईनेछ।

एमबिबियस र स्नातक तहको सिभिल ईन्जिनियरिङ शिक्षा हासिल गर्न सरकारी छात्रवृत्ति प्राप्त गर्ने यस नगरपालिका क्षेत्रभित्रका विद्यार्थीहरुलाई नगरपालिकाबाट आर्थिक सहयोग गरिनेछ। एमबिबिएसमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले वार्षिक रुपमा दलित भए रु. २ लाख र गैर दलित भए रु.१ लाख प्राप्त गर्नेछन्। त्यस्तै, ईन्जिनियरिङ शिक्षा तर्फ दलित भए रु.१ लाख र गैर दलित भए रु. ५० हजार प्राप्त गर्ने छन्।

३. कृषि :

यस नगरपालिकाको ९८ प्रतिशत भूमि कृषि योग्य रहेको र ९५ प्रतिशत जनसंख्या कृषिमै आश्रित रहेको यथार्थताका बीच कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण नभई नगरको अर्थतन्त्र सुधार गर्न नसकिने स्पष्ट छ। यस तथ्यलाई मनन् गर्दै कृषिको आधुनिकीकरण र व्यवसायीकरण गरी किसानहरुको आय आर्जन बढाउने विषयलाई यो सरकारले विशेष प्राथमिकता दिएको छ। यसका लागि देहायबमोजिमका नीतिहरु लिइएको छ।

- वडा विशेषको तुलनात्मक र प्रतिस्पर्धी लाभको उत्पादन पहिचान गरि उत्पादनका साधनहरुको समुचित वितरणका माध्यमबाट कृषि उत्पादन वृद्धि गरिनेछ ।
- किसानले लगाउने बाली र पशुमा लाग्ने लगानी सुनिश्चितताको लागि बाली र ठुलो पशुको बिमा गर्न किसानलाई प्रोत्साहित गर्ने र किसानले तिर्नु पर्ने प्रथम किस्ताको प्रिमियम नगरपालिका बाट अनुदान दिने छ ।
- खेतीमा विषादिको प्रयोग न्युनिकरण गर्न जैविक मलको प्रयोगमा जोड दिईनेछ । अर्ग्यानिक खेतीलाई प्रोत्साहन गरिनेछ। जैविक मल प्रयोग गरी खेती गर्ने किसान वा कृषि सहकारी संस्थालाई अनुदान दिइनेछ।
- दातृ निकाय तथा संघ संस्थाहरु संग समन्वय र सहकार्य गरी आपसी समझदारीको अधारमा आय मुलक डेरी संचालन, माछा पालन, बाखा पालन, गाई भैसी पालन, लघु व्यवसाय जस्ता आय मुलक कार्यक्रमहरु संचालन गरिनेछ।
- किसानहरुले आफूले उत्पादन गरेको अनाजको सही मुल्य पाउने व्यवस्था मिलाउन अन्न भण्डारण गरिने नीति लिइने छ । यस लागि नगरपालिकाले ५ हजार मेट्रिक टन क्षमताको शीत भण्डार(कोल्ड स्टोर) निर्माण गर्नेछ। साथै नगरपालिका आफैंले किसानहरुसंग उचित मुल्यमा अनाज खरिद गरी भण्डारण गर्ने नीति लिनेछ।
- उत्पादनमा ह्रास आउन नदिन तथा आर्थिक उन्नतिका लागि प्याकेट क्षेत्र निर्धारण गर्ने र सो बमोजिम खेती गर्ने किसानलाई प्रोत्साहित गर्न आवश्यक विउ मल अनुदान दिने व्यवस्था गरिने छ ।

- कोभिड १९ का कारण रोजगारी गुमाएका युवाहरुलाई समूहमा आबद्ध गरी  कृषि कार्यमा आकर्षित गरिनेछ। सामूहिक रुपमा खेती, व्यवसाय, माछापालन जस्ता कृषिकर्म गर्नेहरुलाई सहकारीमार्फत् प्रोत्साहित गरी सहयोग गरिनेछ।
- पशुपालन व्यवसाय प्रोत्साहन गर्न “होम टु होम” पशु चिकित्सक सेवा उपलब्ध गराइनेछ ।

**४. सिचाई:**

किसानहरुको खेतमा चाहिएको समयमा पानी पुर्याई उत्पादन बढाउन सिँचाई सुविधा नभएका वडाहरुमा स्टेड बोरिङ्ग जडान गरिनेछ। यस्तो सेवा टोलटोल सम्म विस्तार गरिनेछ। सिँचाईका लागि प्रयोग भईरहेका कच्ची बाँध पैनी र कुलोहरुलाई मर्मत गर्ने कार्यलाई निरन्तरता दिईनेछ। कृषि विद्धुतीकरणका लागि आवश्यक पर्ने तार पोल जडान नगरपालिकाबाट गरिनेछ। साना सिंचाईका कार्यक्रमहरु अन्तर्गत कृषकको माग अनुसार स्यालो टयुबेलहरु जडान गरिनेछन्।

**५. संस्कृति तथा पर्यटन**

नगरक्षेत्रलाई धार्मिक पर्यटकीय केन्द्रको रुपमा विकास गरिनेछ। नेपाल सरकार र प्रदेश सरकार समेतको समन्वयमा “वृहत् गढीमाई क्षेत्र विकास”को एकीकृत गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ। मन्दिर आसपासको क्षेत्रमा पानीसंग सम्बन्धित सम्पूर्ण मनोरंजनका खेलहरु समावेश भएको सुविधासम्पन्न “वाटर वर्ल्ड पार्क” निर्माण गरिनेछ। पर्यटकहरुको सुविधाका लागि होटल निर्माण गर्ने निजी व्यवसायीहरुलाई जग्गा व्यवस्थापन, कर र अनुदानको माध्यमबाट प्रोत्साहन गरिनेछ।

विश्व विख्यात् जगत जननी माता गढीमाई मन्दिर वरिपरिको वातावरणलाई शान्त, सुरम्य र मनमोहक बनाई धार्मिक पर्यटकको आवागमन बढाउने उद्देश्यले मन्दिर देखि पश्चिमतर्फको पोखरीमा निर्माण भईरहेको सुर्यमन्दिरको निर्माण सम्पन्न गरिनेछ।

हाल महागढीमाई नगरपालिकामा आउने पर्यटकहरुको रात्री बासका लागि यस नगरमा स्तरीय होटल, लज वा धर्मशाला समेत नरहेको अवस्था छ। पर्यटकहरुलाई होम स्टेको सुविधा प्रदान गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गर्न होम स्टे सम्बन्धि कार्यविधि बनाईनेछ।

नगरक्षेत्र भित्रका मौलिक, सांस्कृतिक सम्पदा एवं संस्कृतिको पहिचान गरी संरक्षण र सम्वर्द्धन गरिनेछ ।

स्थल पहिचान गरी भ्युटावर सहितको ग्रीनपार्क बनाइनेछ ।

भोजपुरी भाषाको संरक्षण, संवर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

## ६. सडक तथा पुल पुलेसा

नगरका सबै वडालाई सडक संजालसंग जोड्न दुई लेनको चक्रपथ निर्माणका लागि सम्भाव्यता अध्ययन भईसकेको छ। आगामी आर्थिक वर्षमा उक्त चक्रपथ निर्माण कार्य शुरु गरिनेछ।

पालिका अर्न्तगतका सम्पुर्ण गाउँ टोलहरुलाई नगरको सदरमुकाम संग जोडने गरी नयाँ सडक निर्माण, सडक विस्तार तथा मर्मत सुधार गरिनेछ। नयाँ पुलपुलेसाहरु निर्माण र जीर्ण अवस्थाका पुलपुलेसाहरुको मर्मत संभार गरिनेछ।
बाढीबाट क्षतिग्रस्त सडकहरु तत्काल मर्मत गरिनेछन् ।

सडक बोर्ड नेपाल तथा नगर विकास कोषको सहकार्यमा सडक मर्मत एवं स्तरोन्नतिका लागि समपूरक कोषको व्यवस्था गरिनेछ ।

बहुवर्षीय योजनामा परेका तथा चालु आ.व.२०७७।७८ मा अधुरो रहेका योजनाहरु लाई आ.व.२०७८।०७९ मा निर्माण सम्पन्न गर्ने गरी बजेट बिनियोजन गरिनेछ।

आवश्यकता, प्राथमिकता र जनताको माग बमोजिम सडक तथा पुलपुलेसा निर्माण, विस्तार र मर्मतसंभारका कार्यहरु गरिनेछन्।

## ७. भवन निर्माण तथा शहरी विकास :

नगरक्षेत्रका आवासलाई व्यवस्थित बनाउन पूर्णरुपले भवन आचारसंहिता कार्यान्वयन गरिनेछ।

एकीकृत नगर विकास योजना तथा आवधिक योजना तर्जुमाको काम अगाडी बढाइने छ ।

नगरभित्र यातायातलाई व्यवस्थित गर्न पार्किङ स्थलहरु बनाईनेछ। वडा नं. २ बरियारपुरमा आधुनिक सुविधाहरु सहितको सपिङ कम्प्लेक्स निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

नगरपालिका कार्यालयको प्रशासनिक भवन निर्माण कार्य शुरु भएको छ। २०७८ फाल्गुन मसान्तभित्र उक्त भवन निर्माण सम्पन्न भई नगरपालिकाको आफ्नै भवनबाट सेवा सुचारु हुनेछ।

कृषियोग्य जमिनमा आवासीय प्रयोजनका लागि जग्गा प्लाटिङ्ग गर्ने कार्यलाइ नियन्त्रण गर्न आवश्यक मापदण्ड बनाइनेछ।

**८. सडक बत्ती तथा उर्जा :**

नगरपालिकाभित्रका हरेक विद्युत् पोलमा जडान भएका सडक बत्तीहरुलाई समयमै मर्मत गरिनेछ। नगरभित्रका हरेक टोलमा जनसहभागिताका आधारमा सौर्य सडक सोलार वत्ती कार्यक्रम संचालन गरिनेछ ।

यस नगरपालिकालाई उज्यालो नगरपालिका बनाउन नगरको मुख्य चोकहरुमा “हाई मास लाईट”को क्रमश: व्यवस्था गरिनेछ।

वैकल्पिक उर्जाको रुपमा रहेका वायोग्यास र सुधारिएको चुल्हो वितरण कार्यक्रम निरन्तर संचालन गरिनेछ ।

**९. विपद् व्यवस्थापन तथा शान्ति सुरक्षा**

कोभिड १९ लगायतका माहामारी तथा बिपद्हरुको रोकथाम तथा न्युनिकरणको लागि पुर्व तयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रमहरु संचालन गर्न बिपद व्यवस्थापन कोष स्थापना गरिएको छ। यो कोषको व्यवस्थापनदलाई प्रभावकारी बनाईनेछ।

ज्येष्ठ नागरिक, एकल महिला, विपन्न वर्गका व्यक्तिहरुलाई जाडो मौसममा न्यानो कपडा तथा कम्बल बितरण गरिनेछ। दैवी प्रकोप र महामारीको प्रकोपबाट पीडित गरिव, दलित अन्य लक्षित बर्गहरुलाई राहत वितरण गरिने छ ।

आगलागी नियन्त्रणका लागि नगरपालिकाले आफ्नै वारुणयन्त्रको व्यवस्था गरेको छ। वारुणयन्त्रको सेवा चौबीसै घन्टा उपलब्ध गराईनेछ।

यस नगरपालिका अन्तर्गतका नगर प्रहरी, स्थानिय सुरक्षा निकायहरु, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयको समन्वय र सहकार्यमा नगर क्षेत्र भित्र पुर्ण शान्ति सुरक्षाको प्रत्याभूति गरिनेछ।

## १०. नदी नियन्त्रण:

पसाहा खोला लगायत नगर भित्र अन्य स-साना खोलाहरुमा वर्षायाममा आउने बाढीका कारण हजारौं विघा खेतीयोग्य जमीन विनाश भएको छ। भित्र्याउने बेला भएको बालीनाली नष्ट भएको छ। खोला किनाराका बस्तीहरु जोखिममा छन्। बाढीबाट हुने यस्तो जनधनको क्षति न्यूनीकरण गर्न जोखिमको आधारमा खोलामा तटबन्ध गरिनेछ। वृक्षारोपण र वन मार्फत नदीतटको जमिनको संरक्षण र उपभोगमा ध्यान दिइनेछ ।

पसाहा, थलही, भुतही र तियर खोलाको बाढीले गंजभवानिपुर, दहियार, मल्हनी, सेमरा,तेगछिया,बरियारपुर,पत्रहटी,मधुरीजब्दी,बबुआईन,बर्वापर्सा र बेतौनासम्म ठूलो जनधनको क्षति गरेको छ। नदीकटान रोकी बालीनाली र बस्तीहरुका संरक्षणका लागि ती खोलाहरुको आवश्यक ठाउँहरुमा तटबन्ध गरिनेछ।

## ११. बन तथा वातावरण

महागढीमाई नगरपालिका लाई हरित नगरपालिकाको रुपमा विकास गरिने नीति लिईनेछ। नगरपालिका अन्तर्गतको पसाहा खोला देखी अर्नवा चोक सम्मको हुलाकी लोकमार्ग र नगरपालिकाको अन्य सडकहरुमा समेत गरी कुल १५ किलोमिटर सडकको दुवै साइडमा वृक्षारोपणको कार्य सम्पन गरिएको छ। आगामी आर्थिक वर्षमा थप २० किलोमिटर सडकको दुवै साइडमा वृक्षारोपण गरिनेछ।

यस नगरपालिका वडा नं.११ म अवस्थित भिनकबाबा मठको जग्गामा रहेको वन संरक्षण गरिनेछ।
सार्वजनिक, ऐलानी र पर्ती जग्गाहरुमा वन विकास गरी नगरपालिकालाई हरियाली बनाईनेछ।
वातावरण मैत्री स्थानीय शासन कार्यक्रमलाई तदारुकताका साथ संचालन गरिनेछ।

## १२. जैविक विविधता र प्राकृतिक स्रोतहरुको सम्वर्द्धन:

जीवन र जगतको निरन्तरताका लागि जैविक विविधताको संरक्षण अनिवार्य छ। त्यसका लागि प्राकृतिक स्रोतहरुको सम्वर्द्धनमा ध्यान दिइनेछ । दुर्लभ,लोपोन्मुख जीवजन्तु र वनस्पति संरक्षणका लागि सम्वन्धित निकायसंग सहकार्य गरिनेछ ।
सार्वजनिक ऐलानी तथा पर्ती जग्गा संरक्षण गरी समुचित उपयोग गरिनेछ।

१३. सहकारी

प्रत्येक नागरिकलाई सहकारीमा आबद्ध गराई स्थानिय उद्योग वाणिज्य संघ समेतको समन्वयमा उत्पादन, रोजगारी सृजना र विकास निर्माण कार्यमा संलग्न गराईनेछ ।

सहकारी क्षेत्रबाट उत्पादन गरिएका उत्पादनहरुले उचित मूल्य प्राप्त गर्न सक्ने गरी विद्ययमान बजारहरुको अवस्था सुधार गर्नका साथै नगरका मुख्य-मुख्य बजारहरु पहिचान गरि बजार विकास गरिनेछ ।

सहकारी चेतनाको अभिवृद्धि गर्न र सहकारी संस्थाहरुको संचालनका लागि ज्ञान र सीप विकास गर्दै बचत गर्ने बानीको विकास गर्न जानकारी मुलक एवं सचेतनामुलक क्रियाकलाप संचालन गरिनेछ। सहकारीकर्मीहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछन्।

एउटै वडामा एउटै प्रकृतिका एक भन्दा बढी सहकारीहरुलाई कार्यक्षमताको आधारमा मर्ज (एकिकरण) गर्ने निती अपनाईने छ ।

नगर भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको व्याज दरमा नियमन गरी एकरुपता कायम गर्ने नीति लिईनेछ ।

कोरोना भाईरसबाट रोजगारी गुमाएका युवाहरुलाई स्वरोजगारीका लागि सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउन बचत तथा ऋण सहकारी तथा अन्य वित्तिय संस्थाहरुलाई समेत प्रोत्साहित गरिनेछ।

१४. उद्योग

नगरभित्र कृषिजन्य कच्चा पदार्थहरु प्रयोग गरी संचालन हुने उद्योगहरुलाई विशेष सुविधा र सहुलियत उपलब्ध गराईनेछ।

संचालनमा रहेका व्यवसायहरु अनिवार्य दर्ताका लागि घुम्ती टोली संचालन गरिनेछ ।

लघु तथा घरेलु उद्योग प्रवर्द्धन गर्न सचेतना सीपविकास जस्ता कार्यक्रम संचालन गरिनेछ ।

पिछडिएका ग्रामिण महिला लक्षित उद्यमशीलतामा जोड दिइनेछ ।

गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।

**१५. खानेपानी**

सम्पूर्ण नगरवासीहरुको आधारभुत खानेपानी सेवामा पहुँच सुनिश्चित गर्ने गरी खानेपानी तथा सरसफाई कार्यक्रम अगाडि बढाइनेछ ।

उपभोक्ता र नगरपालिकाको सहलगानीमा चापाकल वितरण गरी जडान गर्ने कार्य गरिनेछ। यस अन्तर्गत धारा जडान खर्च सम्बन्धित उपभोक्ताबाट व्योहोर्ने र हेड, पाईप लगायत अन्य सम्पुर्ण सामग्री नगरपालिकाबाट व्यहोर्ने मोडेल अपनाईने छ।

शुद्ध तथा आर्सेनिक रहित खानेपानी उपलब्ध गराउन जडान भएका धाराहरुको आर्सेनिक परीक्षण गरिने छ। दलित बस्तीहरुमा निशुल्क धारा जडान गरिनेछ। बिद्यालयहरुमा सफा पिउनयोग्य पानीको व्यवस्था गरिनेछ।

घर, बजार, कारखाना र उद्योगहरुबाट उत्सर्जन हुने फोहोर व्यवस्थापनका लागि फोहोरबाट उर्जा उत्पादन गर्ने आधुनिक फोहर प्रशोधन केन्द्र निर्माण गरिनेछ ।

कोभिड १९ संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि सरकारी कार्यालय तथा सामुदायिक विद्यालयहरुमा स्वाचालित हात धुने प्रविधि जडान गरिनेछ।

**१६. सरसफाई :**

पालिका अन्तर्गतको क्षेत्रलाई धार्मिक पर्यटकीय नयाँ सहरको रुपमा विकास गर्ने परिकल्पना गरिएको सन्दर्भमा सरसफाईको विशेष महत्व रहेको छ। दुर्गन्धित स्थानमा पर्यटक आउन रुचाउँदैनन्। फोहोरमा देवी देउता प्रसन्न हुन सक्दैनन्। फोहोर विभिन्न रोग र महामारीको लागि उर्वर भूमि हो। त्यसैले हामीले यस नगरक्षेत्रलाई सफा, स्वच्छ र स्वस्थकर बनाउने महान अभियान शुरु गरेका छौं। यस पवित्र कार्यमा सहयोग गर्नुहुन सम्पूर्ण नगरवासीहरुलाई विशेष आव्हान गर्दछु।

हालसम्म सम्पूर्ण नगरक्षेत्र खुला दिशामुक्त घोषणा भईसकेको छ। यसलाई दिगो र गुणस्तरीय बनाउन आवश्यक व्यवस्था गरिनेछ। दिर्घकालिन रुपमा सरसफाईको कार्यलाई निरन्तरता दिई नगरपालिका लाई पुर्ण सरसफाई घोषणा गर्न युनिसेफ नेपाल र नगरपालिकाको समन्वयमा आवश्यक कार्यक्रम संचालन गरिनेछ। नगरपालिका अर्न्तगतका मठ, मन्दिर, मस्जिद,स्वास्थ्य चौकी, विद्यालय, हाट बजार र गाउँका चोक चोकमा नियमित सरसफाई गरिनेछ। ती स्थानहरुमा फोहोर संकलनका लागि ठूलो डस्टविन राखिनेछ।

ढल निकास तथा फोहोर मैला व्यवस्थापन गरी फोहोर मैलाबाट उर्जा र मल उत्पादन गर्न आवश्यक कार्यक्रम लागु गरिनेछ।

नगरक्षेत्र भित्र रहेका सार्वजनिक शौचालयहरुको मर्मत सम्भार गर्दै आवश्यक ठाउँहरुमा आधुनिक सुविधा सहितको नयाँ सार्वजनिक शौचालयहरु निर्माण गरिनेछ ।

**१७. युवा तथा खेलकुद :**

युवा तथा खेलकुदको दिगो बिकासका लागि नगर स्तरिय युवा तथा खेलकुद समिति गठन गरी खेलकुदको क्षेत्रमा नगरपालिकालाई अग्रस्थानमा पुर्याइने छ। प्रत्येक वर्ष नगरपालिका बाट आयोजना गरिने मेयरकप अन्तर्गत फुटबल, क्रिकेट, कबड्डी र कुस्ती लाई निरन्तरता दिईनेछ।

युवाहरुलाई क्लबहरुलाई खेलकुदमा उत्साहित गर्नका लागि स्थानीय क्लबहरुलाई खेलकुद सामग्री वितरण गरिनेछ।

खेलकुदको विकासका लागि खेलकुद पूर्वाधार निर्माण गर्ने कार्यक्रलाई प्राथमिकता दिईएको छ। राष्ट्रिय स्तरको खेलकुद आयोजना गर्न सक्ने रंगशाला तथा कभर्ड हल निर्माण कार्य अगाडि बढाइनेछ ।

विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण यस पालिकामा रहेका रोजगार सुचना केन्द्रमा अध्यावधिक गरी त्यस्तो जनशक्तिलाई यस पालिका भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि, लगायतका क्षेत्रका रोजगारदाता संग समन्वय गरी रोजगारी प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
नगरपालिकाको करार सेवामा भर्ना गर्दा स्थानीय युवाहरुलाई प्राथमिकता दिईनेछ।

## १८. लैंगिक समानता तथा सामाजिक समावेशीकरण :

यस क्षेत्रमा महिलाहरु विकासको मूल प्रवाहबाट पछाडि परेको तथ्यलाई मनन् गर्दै महिलाको श्रम, सीप र नेतृत्व विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछन्।

"सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिको खातामा" कार्यक्रम संचालन भईसकेको छ।

ज्येष्ठ नागरिकहरुको सम्मान गर्न आवश्यक कार्यक्रम लागु गरिने छ। ज्येष्ठ नागरिकको संरक्षण, हेरचाह तथा स्वास्थोपचारका लागि सन्तानहरुलाई जिम्मेवार बनाउन आवश्यक नीति ल्याईनेछ।
नगरक्षेत्र भित्रका भौतिक संरचनाहरुलाई अपाङ्गमैत्री बनाइनेछ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत एकल महिला, विपन्न, गरीब, दलित, पिछडा वर्गहरुको आवश्यकता पहिचान गरी सीपमूलक तथा आयमुलक कार्यक्रममा सहभागी गराईनेछ।
**मेयर कार्यक्रम अन्तर्गत सिलिन्डर सहितको ग्याँस वितरण गर्ने कार्यलाई निरन्तरता दिएको छ। यो सुविधा पाउन बाँकी रहेका सम्पूर्ण घरपरिवारलाई २०७८ माघ महिनासम्ममा सिलिन्डर सहितको ग्याँस उपलब्ध गराईनेछ।**
आर्थिक रुपले अति बिपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन योजना निर्माण गर्दा श्रममुलक प्रविधिलाई जोड दिईनेछ।
कोभिड संक्रमणको जोखिम रहँदा सम्म अशक्त, असहाय, एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरुलाई राहत कार्यक्रम संचालन गरिनेछ।

बालमैत्री नगरपालिकाको अवधारणा विकास गरि सोही अनुरुप कार्यसंचालन गरिनेछ ।

## १९. संस्थागत बिकास, सेवा प्रवाह र सुशासन

आजको युग सूचना प्रविधिको युग हो र अहिले हामी डिजिटलाइज्ड अटोमेशन प्रविधिको चरणमा छौं। हातहातमा मोबाइल र घरघरमा वाइफाईको उपलब्धताले घरमै बसेर सेवाहरु प्राप्त गर्न सकिने अवस्था बनेको छ। यस सन्दर्भमा हाम्रो नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई अनलाईन प्रणालीमा आवद्ध गराई पूर्ण रुपमा डिजिटाईज्ड नगरपालिका बन्ने नीति लिइएको छ।

नागरिकबीच छोटो र जीवन्त सम्पर्क र सहकार्य स्थापित गरिनेछ । फ्रिवाइफाई जोन, आइटी पार्क र अन्य माध्यमबाट प्रविधिको स्थानीयकरण गर्ने र त्यसमार्फत विकासलाई दीगो र प्रभावकारी बनाउन ध्यान दिईनेछ।

नगरपालिको सेवा प्रवाहलाई व्यवस्थित र चुस्त बनाईनेछ। छोटो, पारदर्शी र सेवाग्राहीमैत्री कार्यप्रणाली अवलम्बन गरिनेछ। नगरकार्यपालिकाबाट प्रकाशित हुने सूचना, निर्णय तथा अन्य सामाग्रीहरु एकीकृत रुपमा विद्युतीय माध्यमबाट समेत उपलब्ध गराउन नगरपालिकाको वेवसाइट संचालनमा रहेको छ।
नगरपालिकाबाट प्रदान गरिने सेवालाई घरबाटै प्राप्त गर्न सकिने बनाउन “नगर एप्स” संचालनमा ल्याइनेछ ।
भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।

कार्यालयको सवारी साधन किफायती र व्यवस्थितरुपले परिचालन गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

वित्तिय जोखिम न्यून गर्न आन्तरिक कार्यप्रणालीलाई व्यवस्थित गर्नुका साथै आन्तरिक लेखा परिक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।
नगरपालिकाबाट संचालन हुने कार्यक्रमको बिस्तृत क्रियाकलाप, सम्पन्न गर्नु पर्ने अवधि, लागत, उपलब्धिसूचक र आयोजना कार्यान्वयनको कार्ययोजना पौष मसान्त भित्र स्वीकृत गरिसक्नु पर्ने व्यवस्था मिलाइनेछ ।

वडास्तरबाट छनोट भई आएका योजना संचालनकालागि उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ । त्यस्ता योजना तथा कार्यक्रम संचालन गर्न उपभोक्ता समिति गठन गरि माघ मसान्त भित्र सम्झौता गरिसक्नु पर्नेछ ।

नगरपालिकाबाट दिइने सेवा सुविधा वडाबाट दिइनेछ । सेवा ग्राही र कर्मचारी वीच सुमधुर सम्बन्ध स्थापना गर्न नगरपालिकाबाट प्रवाह हुने सेवाहरुको बारेमा जानकारी दिन जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछन्।
नगरक्षेत्रको विकासका लागि अन्य स्थानीय तह संग समन्वय र सहकार्य गरी कार्यक्रम अगाडी बढाइनेछ ।

उपभोक्ता समितिबाट संचालन हुने योजना र कार्यक्रममा सम्बन्धित लाभग्राहीको अपनत्व र स्वामित्वबोध गराउनका लागि उपभोक्ता समितिबाट निर्माण हुने संरचनाहरुमा १० प्रतिशत जनश्रमदानको अनिवार्य व्यवस्था गरिएको छ। त्यस्तो जनश्रमदानको रकम कार्यादेश हुनु अगावै सम्वन्धित उपभोक्ता समितिको खातामा जम्मा हुनुपर्ने व्यवस्था गरिनेछ।

नगरपालिकाको दरबन्दी बमोजिमको जनशक्तिको पदपूर्ति हुन नसकेकाले कार्यरत् कर्मचारीबाटै कार्यालय समय भन्दा अघि र पछि समेत काम गराउनुपर्ने बाध्यता रहेको छ। त्यसरी कार्यालय समयभन्दा बढी अवधि खटिई काम गर्ने कर्मचारीको मनोबल उच्च राख्न आधारभूत तलबको ३० प्रतिशत रकम प्रोत्साहन भत्ताको रुपमा प्रदान गर्ने विगतको व्यवस्थालाई निरन्तरता दिइनेछ।

राष्ट्र सेवकलाई प्रदान गरिने सेवा सुबिधालाई समय सापेक्ष बनाउन नेपाल सरकारले व्यवस्था गरेअनुरुप २०७८ श्रावण १ गते देखी यस नगरपालिका र अन्तर्गत कार्यरत् स्थायी कर्मचारीहरुको तलबमानमा मासिक रु. २ हजार वृद्धि गरिएको छ। साथै अन्य करारका कर्मचारीहरुलाई पनि खाईपाई आएको तलबमानमा मासिक रु. २ हजारका दरले बृद्धि गरिनेछ।
नेपाल सरकारले राष्ट्र सेवक कर्मचारीहरुलाई प्रदान गरेको पारिश्रमिक सहित १० दिनको पर्यटन काज सुविधा यस नगरपालिकाका स्थायी कर्मचारीलाई पनि प्रदान गरिनेछ।
कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिमहरु संचालन गरिनेछन्।

**२०. न्यायिक समिति**

न्यायीक समितिको क्षमता विकास गर्दै थप प्रभावकारी बनाईने छ। वडाको विवाद वडा तहमै समाधान गरी नगरबासीहरुलाई छिटो छरितो न्याय प्रदान गर्नका लागि प्रत्येक वडामा स्थापना भएका मेलमिलाप केन्द्रहरुलाई सक्रिय बनाईनेछ। न्यायिक समितिबाट भएका फैसला र निर्णयहरुलाई तदारुकताका साथ कार्यान्वयन गरिनेछ। न्यायिक समितिका सदस्य र कर्मचारीहरुको क्षमता विस्तार गरिनेछ।

**२१. जग्गा व्यवस्थापन :**

जग्गा व्यवस्थापन हाम्रो नगरको प्रमुख समस्या हो । सार्वजनिक ऐलानी तथा पर्ती जमिन अतिक्रमणमा परिरहेका छन । ती सबै जग्गाहरुको वास्तविकता अध्ययन गरी चलनचल्तीमा ल्याउन सम्वन्धित पक्षसंग पहल गरिनेछ । ऐलानी र पर्ती जमिनको व्यवस्थापन गर्ने, सार्वजनिक जग्गाको संरक्षण गर्ने,सार्वजनिक हितका लागि संरचना निर्माण गर्ने र अन्य माध्यमबाट जमिनको अधिकतम सदुपयोगका

लागि ध्यान दिइनेछ। मालपोत र नापी कार्यालयका सेवाहरुस्थानीय रुपमै नगरपालिकामा ल्याउन पहल गरिनेछ ।

यस नगरपालिका भित्रका सुकुमवासीहरुको पहिचानगरी जग्गा वितरण गरिनेछ । हाल सम्म ऐलानीमा रहेको घरवासको जग्गालाई सम्बन्धित घर धनीको नाममा जग्गाधनी प्रमाणपुर्जा वितरण गर्न आवश्यक प्रबन्ध मिलाईने छ । यसका लागि भुमि सम्बन्धि समस्या समाधान आयोगसंग सम्झौता भई कार्य अगाडि बढिसकेको छ।

**२२.आवास तथा शहरीकरण :**

महागढीमाई नगर क्षेत्रको आवास र शहरीकरणलाई व्यवस्थित बनाउन हरसम्भव प्रयास गरिनेछ। सबै घरमा स्वच्छ खानेपानी वितरणको व्यवस्था मिलाउनका लागि सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुलाई पूंजीगत सहयोग गर्ने र नयाँ आयोजनाहरु निर्माणका लागि पहल थालिनेछ। फोहोरमैला व्यवस्थापनका लागि संकलनलाई नियमित र प्रशोधनमार्फत निसर्गको बहुप्रयोगमा ध्यान दिइनेछ । समुदायलाई लक्षित गरी फोहोरमैला व्यवस्थापन सम्वन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै कम्पोष्टबिनको प्रयोगमा सहयोग प्रदान गरिनेछ । फोहोरमैलाको उचित व्यवस्थापनका लागि ल्याण्डफिल्डसाइड निर्माण गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रसंग सहकार्य गरेर उद्योग व्यवसाय विकास गर्ने, रोजगारीका अवसरहरु सिर्जना गर्ने र फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित गरिनेछ। भवन निर्माण आचारसंहिता लागु गरी आवास युनिफिकेशन गरिनेछ। भवन निर्माणमा स्थानिय मौलिक संस्कृति र वास्तुकलाको संयोजन गरिनेछ । अव्यवस्थित र छरिएर रहेका घरहरुलाई एकीकृत बस्ती निर्माण गरी सबै प्रकारका सेवासुविधाहरुको यथोचित संयोजन गरिनेछ । बस्ती, उद्योगधन्दा र बजार क्षेत्र छुट्टाछुट्टै रहने गरी जग्गा विकास गरिनेछ । उद्योग तथा कलकारखानाबाट भइरहेको प्रदुषण नियन्त्रणका लागि ध्यान दिइनेछ । अनुचित प्लटिङ्गलाई रोक्ने र अध्ययन तथा सम्भाव्यताका आधारमा स्वीकृति दिइनेछ ।

**२३. राजश्व व्यवस्थापन:**

आन्तरिक स्रोत परिचालन उत्साहजनक नभएकोले विकास निर्माणको लागि आवश्यक स्रोत जुटाउन कठिन भएको अवस्था छ। वर्तमान राजस्वका दरहरुलाई समायानुकुल बनाउँदै करको दायरा विस्तार एवम् नयाँ क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्न देहायबमोजिमका नीतिहरु लिइने छ।

- यस आर्थिक बर्षमा आन्तरिक राजश्व रु. ३ करोड परिचालन हुने अनुमान गरी लक्ष्य हासिल गर्न सक्ने गरी वर्तमान राजश्वका दरहरुलाई पुनरावलोकन गरिने छ ।
- सम्पूर्ण वडाहरुमा अनलाईन प्रविधिबाट राजस्व संकलन गरिने छ।
- यस नगरपालिका भित्र संचालनमा नरहेका पोखरीहरुलाई संचालनमा ल्याई व्यवसायिक रुपले प्रयोगयोग्य बनाईने छ। नगरक्षेत्र भित्रका सम्पूर्ण पोखरी, हाट बजार र बगैचालाई नगरपालिकाबाट राजस्व ठेक्का सम्झौता गरी राजस्व संकलन वृद्धि गरिनेछ।
- वडाहरुमा वजेट विनियोजन गर्दा त्यस वडामा संकलन भएको राजश्व समेत लाई आधार लिईने छ ।
- कर कानुनको परिपालना र राजश्व भुक्तानीको आधारमा उत्कृष्ट करदाता छनौट गरी पुरष्कृत गर्ने निति लिईने छ ।
- नगरपालिकाबाट लगाईएको कर नतिर्ने करदाताहरुलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गर्न सकिने कानुन बनाईनेछ। नगर उद्योग वाणिज्य संघको सहकार्यमा कर असुली प्रक्रियालाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- करदाता शिक्षा र सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- वृहत् अभियान संचालन गरी नगरभित्रका सम्पूर्ण व्यवसायलाई कानूनी रुपले दर्ता प्रक्रियामा ल्याइनेछ ।
- साझा अधिकार क्षेत्रका सवालमा संघ र प्रदेशसंग आवश्यक समन्यव र सहकार्य गरिनेछ ।

**उपस्थित सभासदस्य ज्युहरु:**

अब म अगामी आर्थिक बर्षको स्रोत सीमा प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक वर्ष २०७८/०७९ को लागि नेपाल सरकारबाट वित्तिय समानीकरण अनुदान रु. रु.१५ करोड ९५ लाख, राजश्व बाँडफाँड रु. ९ करोड ५४ लाख ४८ हजार, सशर्त अनुदान रु. २३ करोड ८९ लाख, समपुरक अनुदान रु. १ करोड ४५ लाख र विशेष अनुदान रु. ८३ लाख समेत गरी जम्मा रु. ५१ करोड ६६ लाख ४८ हजारको सिलिङ प्राप्त भएको छ।**

त्यस्तै प्रदेश सरकारबाट समानिकरण अनुदान रु. १ करोड १० लाख ८७ हजार, राजश्व बाँडफाँड रु.४५ लाख ७३ हजार, विशेष अनुदान रु.३० लाख र सम्पुरक अनुदान रु.२० लाख गरी जम्मा रु. २ करोड ६ लाख ६० हजार सिलिङ प्राप्त भएको छ।

त्यस्तै, आन्तरिक राजस्वबाट रु. ४ करोड ३० लाख परिचालन गर्न सकिने अनुमान रहेको छ।

यसरी नगरपालिकाको आन्तरिक स्रोत तथा संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँड समेतको रकम समेत जम्मा रु. ५७ करोड ७३ लाख ८ हजारको बजेट सिलिङ भित्र रही आगामी आर्थिक वर्षका लागि विनियोजन अनुमान गरिनेछ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने नगर उपप्रमुख, कार्यपालिका सदस्यहरु, विषयगत समितिका सदस्यहरु, नगरसभा सदस्यहरु, कर्मचारीहरु, बुद्धिजीवीहरु, संघसंस्थाहरु लगायत सम्पूर्ण नगरवासी बुबाआमा, दाजुभाई तथा दिदीबहिनीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। साथै यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सबैको सहयोग पाउने अपेक्षा राखेको छु।

**प्रस्ताव नं. २ आन्तरीक आय प्रक्षेपण सम्बन्धमा ।**

निर्णयः यस माहागढीमाई नगरपालिका बाट निर्माण भएका आर्थिक ऐन २०७५ बमोजिम निर्धारण गरेको करका दर तथा सिफारीस दस्तुरको परिपेक्ष्यमा रही अगामी आ.ब.२०७८/०७९ मा देहायका शिर्षकबाट निम्न अनुसारको राजश्व संकलन गर्ने गरी आनतरीक आयको प्रक्षेपण गरियो ।

| सि. नं. | राजश्व संकेत नं. | शिर्षक | जम्मा बार्षिक अनुमान रू हजारमा |
|---|---|---|---|
| १ | ११३१३ | सम्पति कर | ४००० |
| २ | ११३१४ | भुमिकर मालपोत | १०००० |

| | | | |
|---|---|---|---|
| ३ | ११३१५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ५००० |
| ४ | ११३२१ | घर बहाल कर | १००० |
| ५ | ११३२२ | बहाल बिरौटी कर | ५०० |
| ६ | ११४५१ | सवारी साधा टागा रिक्सा ईरिक्सा | १०० |
| ७ | ११४५६ | बाडफाडबाट प्राप्त हुने रकम | |
| ८ | ११४७१ | बाडफाडबाट प्राप्त हुने मनोरंजन कर | |
| ९ | ११४७२ | बिज्ञापन कर | ४०० |
| १० | ११६३२ | जडिबुटि कबाडी र जिवजन्तु | |
| ११ | १४१५१ | सरकारी सम्पतीको बहालबाट प्राप्त आय | |
| १२ | १४१५२ | क्यासिनो बाट प्रप्त रोयल्टी | |
| १३ | १४१९१ | पर्यटन शुल्क | १७५ |
| १४ | १४२१२ | सरकारीको बिक्रिबाट प्रप्त आय | ३५० |
| १५ | १४२१३ | अन्य बिक्रिबाट प्रप्त आय राजपत्र,नक्सापुस्तक | १००० |
| १६ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि( पार्क,बनभोज,गिटि,बालुवा,जेसिबि,सक्सन मेशिन,एम्बुलेनस,टेक्टर,टिपर, जग्गा नापी,र अन्य मर्मत | ४००० |

| | | | |
|---|---|---|---|
| | | समेत | |
| १७ | १४२२१ | न्यायीक दस्तुर | १००० |
| १८ | १४२२४ | परिक्षा शुल्क | ११५ |
| १९ | १४२२९ | अनय प्रशासनिक शुलक,बोलपत्र,टेण्डर फारम बिक्र समेत | ९०० |
| २० | १४२४१ | पार्किंग शुलक | २५० |
| २१ | १४२४३ | सिफारीस दस्तुर | २५०० |
| २२ | १४२४४ | व्यक्तिगत घटना बिलम्ब शुल्क | ७०० |
| २३ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३०० |
| २४ | १४२४९ | अनय दस्तुर | १००० |
| २५ | १४२५३ | व्यवसाय रजिष्टरेशन दस्तुर | २००० |
| २६ | १४२५४ | रेडियो एफ एम संचालन दस्तुर | १० |
| २७ | १४२५६ | अन्य क्षेत्रको आय सामुदायीक बनको आय समेत | |
| २८ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना जफत | ५०० |
| २९ | १४३१३ | धरौटी सदर स्वाहा | |
| ३० | १४५२६ | अन्य राजश्व ( माथिका अन्य शिर्षकमा नपरेका) | ३००० |
| ३१ | १४६११ | व्यवसाय कर | १०३० |
| ३२ | १५१११ | बेरूजु | २०० |
| | | | ४३००० |

**प्रस्ताव नं.३ अगामी आर्थिक बर्ष २०७८/०७९ को आय व्यय सम्बन्धमा ।**

निर्णयः अगामी आर्थिक बर्ष २०७८/०७९ मा देहाय बमोजिमको आय तथा व्ययको अनुमान गरियको छ ।

**आय तर्फः-**

| सि.नं. | शिर्षक | श्रोत | अनुमानित आय रु हजार |
|---|---|---|---|
| १ | वितिय समानिकरण | संघ सरकार | १५९५०० |
| २ | राजश्व बाडफाड | संघ सरकार | ९५४४८ |
| ३ | सर्शत अनुदान | संघ सरकार | २३८९०० |
| ४ | सम्पुरक अनुदान | संघ सरकार | १४५०० |
| ५ | विषेश अनुदान | संघ सरकार | ८३०० |
| ६ | वितिय समानिकरण | प्रदेश सरकार | ११०८७ |
| ७ | राजश्व बाडफाड | प्रदेश सरकार | ४५७३ |
| ८ | विषेश अनुदान | प्रदेश सरकार | ३००० |
| ९ | सम्पुरक अनुदान | प्रदेश सरकार | २००० |
| १० | आन्तरिक आय | नगरपालिका | ४३००० |
| | जम्मा | | ५८०३०८ |

**व्यय तर्फः-**

**चालु खर्चः-**